(संवत् २०७९ साल कात्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)

# आवश्यक वस्तु संरक्षण ऐन, २०१२

लालमोहर र प्रकाशन मिति
२०१२।८।१३

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | आवश्यक वस्तु संरक्षण (प्रथम संशोधन) ऐन, २०१८ | २०१८।९।१३ |
| २. | केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| ३. | आवश्यक वस्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०२४ | २०२४।७।६ |
| ४. | न्याय प्रशासन सुधार (प्रथम संशोधन) ऐन, २०३३ | २०३३।४।१० |
| ५. | आवश्यक वस्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०३८ | २०३८।६।१४ |
| ६. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ७. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ८. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ | २०४९।१।८ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ९. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⬅ | २०६६।१०।७ |
| १०. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०१२ सालको ऐन नं. १३

2..................

आवश्यक वस्तु संरक्षण ऐन, २०१२

⇨सर्वसाधारण जनताको सुविधा कायम राख्न जनउपयोगका आवश्यक वस्तु विशेषको संरक्षण गर्नु पर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

---

⬅ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇨ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१. संक्षिप्त नाम र विस्तारः (क) यो ऐनको नाम "आवश्यक वस्तु संरक्षण ऐन, २०१२" रहेको छ ।

(ख) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

▶२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "आवश्यक वस्तु" भन्नाले देहायको वस्तुहरु र सो साथमा रहेको वा जडान भएको अन्य वस्तुहरु समेत सम्झनु पर्छः–

(क) टेलिग्राफ, टेलिफोन,

(ख) रोपवे, रेल्वे,

(ग) राजमार्ग, मूल बाटो, पुल,

(घ) ढल, निकासको पाईप लाईन,

(ङ) नेपाल सरकार वा कुनै संस्थाले वा नेपाल सरकार वा कुनै संस्थाको इजाजत लिई बनाइएको खानेपानीको मुहान,

(च) बिजुली, विद्युत उत्पादन उपकरणहरु,

(छ) मौसम तथा जलस्रोत सम्बन्धी स्टेशनहरु,

(ज) हवाई अड्डा, हवाई अड्डाको क्षेत्रभित्र वा बाहिर रहेको सञ्चार केबुल लाईन, ऐन्टेना, रेडियो सञ्चार स्टेशनहरु, पथ प्रदर्शक, सुरक्षा, सङ्केत तथा यस्तै अन्य उपकरणहरु,

(झ) पेट्रोल, पेट्रोल पम्प स्टेशनहरु, फ्यूल डिपोहरु,

(ञ) सर्वसाधारणको उपयोगको पाटी, पौवा, सत्तलहरु,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जुनसुकै वस्तुहरु ।

३. अनधिकृत मानिसले गर्न नपाउने र गरेमा सजायः कसैले कुनै आवश्यक वस्तुमा अरुलाई लगाई वा आफैंले हात हाल्न, झिक्न, चुँडाल्न र कुनै

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

किसिमले बिगार्न, चोरी गर्न, गर्न लगाउन हुँदैन । सो गरे गर्न लगाए ऐन सवालले हुने सजायको थप ✂बिगो र बिगो बमोजिमको दण्ड, जरिवाना वा दुवै हुनेछ ।

तर बनाउन मरमत गर्नको लागि धनीबाट अधिकार प्राप्त व्यक्तिले चोरी बाहेक अरु माथि लेखिएका काम गरेमा निजलाई बात लाग्दैन भवितव्य पर्न गै कुनै आवश्यक वस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजिकको कुनै सरकारी अड्डामा र सदरमा भए ⌧जिल्ला प्रशासन कार्यालयमा दियो भने यस दफा अन्तर्गतको कसूरदार हुँदैन । नोक्सानी गरेको बिगो भने बुझाउनै पर्छ ।

४. अनधिकृत मानिसलाई मद्दत दिन, दबाउन नपाउने र सो गरेमा सजायः कुनै स्थानका बासिन्दाहरुले उक्त चोरी बदमासी गर्नेहरुसँग मिलेमतो गरेको वा निजहरुलाई मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाइ छिपाइ राखेको वा कसूरबाट बचाउन खोजेको वा निचमारी रोक्न नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ ।

✂५. ◎स्थानीय तह वा प्रशासन अधिकृतको अधिकारः आवश्यक वस्तुको सबैले हेरचाह गर्नु पर्छ सो नगरी कुनै इलाकामा आवश्यक वस्तु बराबर हराएमा, चोरिएमा वा अरु कुनै किसिमले हानि नोक्सानी पुऱ्याइएमा सबभन्दा नजिकको ◎गाउँपालिका वा नगरपालिकाले वा प्रशासन अधिकृतले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रबन्ध मिलाउनु पर्छ ।

६. कसूरदार उपर मनासिब माफिकको शक्ति प्रयोग गर्ने अधिकारः कसूरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा तेसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न उम्कन दिनु हुँदैन । सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

⌧ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

हेड्कन्स्टेवल र सो भन्दा माथिका कुनै अधिकृतले वा ⌧नेपाली सेनाका पति र सो भन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सो सरहका कुनै पति वा अधिकृतले आफैं वा आफ्ना मातहतका अरुलाई अर्डर दिई भरसक घुँडामुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नु पर्छ । लेखिए बमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको निमित्त अन्य फोर्स भन्नाले मिलिसिया पाईनियर, ⌧रिजर्भ र ग्यारिजनलाई समेत जनाउँछ ।

७. किन्ने बेच्नेलाई सजायः आवश्यक वस्तु सम्बन्धी माल चोरीको हो भन्ने जानी जानी किन्ने बेच्ने राख्नेलाई दफा ३ बमोजिम सजाय हुनेछ ।

८. काम हुन नपाउँदै पक्रिनेलाई सजायः आवश्यक वस्तु चोर्न वा नोक्सान गर्न गएको ठाउँमा पुगी काम गर्न आँटेको मौकामा वा गरिरहेकै मौकामा काम हुन नपाउँदै पक्राउमा पर्नेलाई अघि त्यस्तै कसूरमा सजाय पाएको रहेनछ भने १ वर्ष कैदै गर्नु पर्छ । ▮......................

✪९. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः यो ऐन अन्तर्गतको मुद्दा ➢प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र त्यस उपरको पुनरावेदन ◉जिल्ला अदालतमा लाग्नेछ ।

१०. यस ऐनमा नलेखिएकोमा गर्ने कामः यस ऐनमा लेखिएको जति यही ऐन बमोजिम र अरुमा भैरहेका ऐन सवाल बमोजिम गर्नु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⌧ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
▮ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।
✪ न्याय प्रशासन सुधार (प्रथम संशोधन) ऐन, २०३३ द्वारा संशोधित ।
➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।
◉ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।